# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
## रामपुर, चितवन
## आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्वन्धी सूचना

यस विश्वविद्यालयमा रिक्त रहेका देहायका पदहरू आन्तरिक, खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता र सेवा शर्त पूरा गरेका योग्य नेपाली नागरिकहरूबाट कृषि तथा वन विज्ञान विश्वविद्यालय सेवा आयोगको अनलाइन पोर्टल sc.afu.edu.np मार्फत दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १०/०७८/०७९ | सहप्रशासक | अधिकृत प्रथम | आ.प्र. | १ |
| २. | ११/०७८/०७९ | उपप्रशासक | अधिकृत द्वितीय | आ.प्र. | ३ |
| ३. | १२/०७८/०७९ | सहायक प्रशासक | अधिकृत तृतीय | आ.प्र. | २ |
| ४. | १३/०७८/०७९ | सहायक प्रशासक | अधिकृत तृतीय | खुला | २ |
| ५. | १४/०७८/०७९ | सहायक प्रशासक | अधिकृत तृतीय | मधेशी | १ |
| ६. | १५/०७८/०७९ | सहायक प्रशासक | अधिकृत तृतीय | दलित | १ |
| ७. | १६/०७८/०७९ | बायोमेडिकल इञ्जिनियर | अधिकृत तृतीय | खुला | १ |
| ८. | १७/०७८/०७९ | सहायक लाइब्रेरियन | अधिकृत तृतीय | खुला | १ |
| ९. | १८/०७८/०७९ | लेखा अधिकृत | अधिकृत तृतीय | आ.प्र. | २ |
| १०. | १९/०७८/०७९ | लेखा अधिकृत | अधिकृत तृतीय | आ.ज. | १ |
| ११. | २०/०७८/०७९ | ल्याब अधिकृत | अधिकृत तृतीय | खुला | १ |
| १२. | २१/०७८/०७९ | बरिष्ठ इलेक्ट्रिसियन | अधिकृत तृतीय | खुला | १ |
| १३. | २२/०७८/०७९ | हेड असिष्टेण्ट | सहायक प्रथम | आ.प्र. | २ |
| १४. | २३/०७८/०७९ | हेड असिष्टेण्ट | सहायक प्रथम | खुला | ३ |
| १५. | २४/०७८/०७९ | हेड असिष्टेण्ट | सहायक प्रथम | आ.ज. | १ |
| १६. | २५/०७८/०७९ | हेड असिष्टेण्ट | सहायक प्रथम | अपाङ्ग | १ |
| १७. | २६/०७८/०७९ | टाइपिष्ट ख | सहायक प्रथम | खुला | १ |
| १८. | २७/०७८/०७९ | लेखापाल | सहायक प्रथम | आ.प्र. | ३ |
| १९. | २८/०७८/०७९ | वरिष्ठ बुक चेकर | सहायक प्रथम | खुला | १ |
| २०. | २९/०७८/०७९ | वरिष्ठ ल्याब ब्वाई/ल्याब असिष्टेष्ट /वरिष्ठ ड्रेसर | सहायक प्रथम | आ.प्र. | १ |
| २१. | ३०/०७८/०७९ | वरिष्ठ ल्याब ब्वाई/ल्याब असिष्टेष्ट /वरिष्ठ ड्रेसर | सहायक प्रथम | अपाङ्ग | १ |
| २२. | ३१/०७८/०७९ | आइटी सहायक | सहायक प्रथम | खुला | १ |
| २३. | ३२/०७८/०७९ | आइटी सहायक | सहायक प्रथम | महिला | १ |

**परीक्षाको किसिम:-** कम्प्युटर सम्वन्धी सिप परीक्षण (खुला प्रतियोगिताको लागि मात्र), लिखित र अन्तर्वार्ता ।

**संलग्न गर्नुपर्ने कागजातहरु :-** कृषि तथा वन विज्ञान विश्वविद्यालयको वेवसाइट www.afu.edu.np मा रहेको आवेदन फाराम डाउनलोड गरी फाराम भरेर सोको Scanned Copy, प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू र नागरिकताका प्रमाण पत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपी, नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोको साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ । अनुभव आवश्यक पर्ने पदहरूका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफुले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति:-** २०७९/०३/३० र दोब्बर दस्तुर तिरी २०७९/०४/०५ गते सम्म ।

**उम्मेदवारको उमेरको हद:-** मिति २०७९/०३/३० सम्म अधिकृतस्तरका पदहरूको लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, सहायकस्तर पदको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । महिलाको हकमा ४० वर्ष ननाघेको । ***(कृषि तथा वन विज्ञान विश्वविद्यालयमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लागु हुने छैन ।)***

**तलव तथा सेवा,सुविधा:-** विश्वविद्यालयको नियम अनुसार ।

**लिखित परीक्षा मिति:-** पछि प्रकाशन गरिनेछ ।

**आवेदन दस्तुर :-** रू.५००।- (पाँचसय मात्र)

**परीक्षा दस्तुर:-** अधिकृत प्रथम श्रेणीका लागि रू.३०००।-, अधिकृत द्वितीय श्रेणीका लागि रू.२५००।-, अधिकृत तृतीय श्रेणीका लागि रू.२०००।- र सहायक प्रथम श्रेणीका लागि रू.१५००।- दरखास्त दस्तुर बुझाउनुपर्नेछ । समावेशी समूह तर्फका विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि २०प्रतिशत थप दस्तुर बुझाउनु पर्नेछ ।

## आवश्यक न्यूनतम योग्यता:

### आन्तरिक प्रतियोगिता तर्फ:

कृषि तथा वन विज्ञान विश्वविद्यालय कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्यांकन तथा कार्यक्षमता अंक विभाजन एवम् सिफारिश सम्बन्धी कार्यविधि, २०७० को दफा ३.१ बमोजिम योग्यता पुगेको र दफा १४.१ बमोजिम अयोग्य नभएको ।

### खुलातर्फ:

१. सहायक प्रशासक: मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण ।
२. बायोमेडिकल इञ्जिनियर: मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरीङ विषयमा स्नानक तह वा सो सरह उत्तीर्ण ।
३. सहायक लाइब्रेरियन: मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा स्नातक तह वा सो सरह उत्तीर्ण ।
४. लेखा अधिकृत: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण ।

५. ल्याब अधिकृतः मान्यता प्राप्त शिक्षण संस्थाबाट Medical Laboratory Techonlogy विषयमा स्नातक तह (BMLT) वा सो सरह उत्तीर्ण ।
६. वरिष्ठ इलेक्ट्रिसियनः मान्यता प्राप्त शिक्षण संस्थाबाट इक्लेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।
७. हेड असिष्टेण्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
८. टाइपिष्ट 'ख': मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट नेपाली र अंग्रेजी टाइपिङ्ग विषय सहित कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।
९. लेखापालः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१०. वरिष्ठ बुक चेकरः मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
११. वरिष्ठ ल्याब ब्वाई/ल्याब असिष्टेष्ट/वरिष्ठ ड्रेसरः मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशु विज्ञान वा वन विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१२. आइटी सहायकः CTEVT बाट डिप्लोमा ईन कम्प्युटर इन्जिनियरीङ वा डिप्लोमा इन इन्फमेशन टेक्नोलोजी परीक्षा उत्तीर्ण वा कम्प्युटर एप्लिकेशन वा सूचना प्रविधि शिक्षा वा सो सरह विषय लिई कक्षा १२ उत्तीर्ण ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ ।

(क) आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) अपाङ्गका हकमाः स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

**द्रष्टव्य**

१. कृषि तथा वन विज्ञान विश्वविद्यालय कर्मचारी नियुक्ति एवम् बढुवाका आधार, कार्यसम्पादन मूल्यांकन तथा कार्यक्षमता अंक विभाजन एवम् सिफारिश सम्बन्धी कार्यविधि, २०७० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
२. प्रत्येक सेवा अन्तर्गत खुला तथा समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।
३. दरखास्त पेश गर्ने उम्मेदवारहरूले सूचनामा तोकिए बमोजिमको परीक्षा दस्तुर वापतको रकम तोकिएको म्यादभित्र र म्याद नाघेको ७ दिन सम्ममा दोब्बर परीक्षा दस्तुर रकम नेपाल बैंक लिमिटेड रामपुर शाखाको खाता नं.०८५००१०६४२०८३१००००१ मा जम्मा गरेको सक्कल भौचर स्क्यान गरी दरखास्त फारम भर्दा अनलाइनमा अपलोड गर्नुपर्नेछ । साथैं, सक्कल भौचर आफैसँग सुरक्षित राख्नुपर्नेछ ।
४. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा सम्बन्धित पदको लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनपर्नेछ ।
५. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
६. तोकिएको म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
७. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरि सकेको हुनुपर्नेछ ।
८. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
९. पाठ्यक्रम विश्वविद्यालयको वेबसाइट www.sc.afu.edu.np बाट प्राप्त गर्न सकिने छ ।
१०. अनलाइन फर्म भरिसकेपछि आउने Confirmation Page लाई पिन्ट गरी लिखित परीक्षामा आउँदा साथैं लिई आउनुपर्नेछ ।
११. थप जानकारी आवश्यक परेमा सेवा आयोग कार्यालय रामपुर, चितवनमा सम्पर्क गर्न सकिनेछ ।